# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
## सानोठिमी, भक्तपुरको
## परीक्षाफल प्रकाशन सम्बन्धी विज्ञप्ती

**राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०८२ साल वैशाख २१ गतेदेखि ऐ. जेठ २ गतेसम्म सञ्चालन भएको कक्षा १२ को नियमित/आंशिक परीक्षार्थीहरूको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०८२/०४/१९ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ। परीक्षाफलको विवरण निम्नानुसार रहेको छ।**

| विवरण | नियमित तर्फ | आंशिक तर्फ | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|
| परीक्षामा सहभागी भएको परीक्षार्थी संख्या | ३,९६,३४७ | १,१४,६४० | ५,१०,९८७ | |
| परीक्षा रद्द गरिएको परीक्षार्थी संख्या | ११ | ६ | १७ | |
| सबै विषयमा ग्रेड प्राप्त परीक्षार्थी संख्या | २,४२,४६५ | ४१,८४० | २,८४,३०५ | |
| उत्तीर्ण (ग्रेड प्राप्त) प्रतिशत | ६१.१७ | ३६.४९ | - | |

**निम्न क्रमाङ्क भएका परीक्षार्थीहरूको चालु खण्डको सम्पूर्ण विषयको परीक्षफल रद्द गरिएको छ :**

20200300 20200302 21501993 22602819 22702301 22729939 23202954 24602613 24903157 27110010
27402834 32600656 35002113 37102445 37104198

**निम्न क्रमाङ्क भएका परीक्षार्थीहरूको चालु खण्ड परीक्षाका सम्पूर्ण विषय रद्द गरिनुका साथै थप एक वर्ष बोर्डबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सहभागी हुन नपाउने कारवाही गरिएको छ :**

32701509 37103706

**परीक्षाफल सम्बन्धी जानकारी तपसिल बमोजिमको** Website, SMS Service र IVR Service **बाट प्राप्त गर्न सकिनेछ :**

**Website :**

१. **राष्ट्रिय परीक्षा बोर्डको** website: result.neb.gov.np **वा** neb.gov.np

२. **नेपाल टेलिकमको** website : https://neb.ntc.net.np

**SMS सेवा :**

१. NEB <space> Symbol No. **टाईप गरी नेपाल टेलिकमको १६०० मा** SMS **गर्ने।**

**IVR सेवा :**

१. **नेपाल टेलिकमको १६०१ नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने।**

**USSD सेवा :**

१. ***१६०१# नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने।**

**पुनश्चः-**

१. **प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाः**

क. अक्षराङ्कन पद्धतिबाट कक्षा १२ को परीक्षामा नियमित/आंशिक परीक्षार्थीको रुपमा (**नयाँ पाठ्यक्रम** अनुरुपका/रजिस्ट्रेसन नम्बरको सुरुको दुई अङ्क ७८ (साधारण धारतर्फ), ७९, ८० र ८१ भएका) सहभागी भई प्रत्येक विषयको सैद्धान्तिक परीक्षामा कम्तिमा D एवं प्रयोगात्मक (आन्तरिक मूल्याङ्कन) परीक्षामा कम्तिमा C ग्रेड प्राप्त गर्ने परीक्षार्थीहरूले नतिजा प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन पश्चात् मात्र ट्रान्सक्रिप्ट, माईग्रेसन र प्रोभिजनल (TMP) प्रमाणपत्रका लागि रसिद काट्न सक्नेछन्। नियमित परीक्षार्थीको प्रमाणपत्र प्राप्तिका लागि ***सम्बन्धित विद्यालयहरूले प्रमाणपत्र वापतको नियमानुसारको शुल्क (रु.१,१००/–) लिई बोर्डका सम्बन्धित कार्यालयहरूमा विद्यालयका प्रतिनिधि पठाई प्रमाणपत्रका लागि बिल काट्ने व्यवस्था मिलाइएको छ।*** साथै तोकिएको भन्दा बढी रकम नलिनुहुन समेत सम्बन्धित विद्यालयहरूलाई जानकारी गराईन्छ।

ख. परीक्षार्थीहरूले शैक्षिक प्रमाणपत्र प्राप्तिका लागि कक्षा ११ र १२ मा तोकिएको न्यूनतम ग्रेड प्राप्त गरेको ग्रेडसिट/लेजरको प्रमाणित प्रति ***अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छ।***

२. कक्षा १२ को परीक्षाफल प्रकाशन पश्चात् आफूले प्राप्त गरेको कुनै विषयको ग्रेडमा चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीहरूले प्रति विषय रु. ५००।- (पाँच सय) का दरले Online मार्फत दस्तुर बुझाई परीक्षाफल प्रकाशन भएको मितिले **१० (दश)** दिन (**२०८२ साउन २० गते अपरान्ह १:०० बजेदेखि ऐ. २९ गते साँझ ५:०० बजेसम्म**) भित्र (***राष्ट्रिय परीक्षा बोर्डका*** website : neb.gov.np को Online payment (Retotaling) ***मार्फत*** आवेदन दिनुपर्नेछ।

३. कक्षा १२ को परीक्षाफल प्रकाशनका क्रममा कुनै त्रुटि (स्थगित वा अनुपस्थित, विषय फरक पर्ने, नाम थर, रजिष्ट्रेशन नम्बर फरक पर्ने आदि) देखिएमा बोर्डका सम्बन्धित कार्यालयहरू वा **राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र** आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ। म्याद नाघी आएका र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

४. २०८२ साल वैशाख महिनामा सञ्चालित कक्षा १२ को वार्षिक परीक्षामा नियमित परीक्षार्थीका रुपमा सहभागी भई सैद्धान्तिकतर्फ अन्य सबै विषयमा D वा सोभन्दा माथिल्लो ग्रेड प्राप्त गरी बढीमा कुनै दुई विषयमा NG (Not Graded) प्राप्त गर्ने वा बढीमा दुई विषयमा अनुपस्थित रहेका परीक्षार्थीहरूले मौका (पूरक) परीक्षामा सहभागी हुन पाउने छन्। यस सम्बन्धी विस्तृत जानकारी मौका (पूरक) परीक्षाको समयतालिका सम्बन्धी सूचनामा उल्लेख गरिएको छ।

५. नतिजामा प्राविधिक कारणले कुनै त्रुटि भएमा परीक्षा नियन्त्रण कार्यालयको मूल अभिलेखबाट सच्याइने छ।

- परीक्षा नियन्त्रक

मिति : २०८२/०४/१९